## सहकारी मार्फत युवा उद्यमशीलता तथा महिला सहकारी मार्फत सञ्चालित व्यवसायमा सहयोग कार्यक्रम सञ्चालन विधि, २०७६

**प्रस्तावनाः** प्रदेश सरकारको वार्षिक नीति तथा कार्यक्रम अनुसार सहकारी क्षेत्रको पूँजीलाई घरेलु तथा साना उद्योग, कृषिजन्य उत्पादन, पशुपन्छी विकास, फलफूल उत्पादन जस्ता क्षेत्रमा परिचालन गरी रोजगारी सिर्जना गर्दै उद्यमशील आयआर्जनका माध्यमबाट गरिबी निवारणमा टेवा पुऱ्याउने उद्देश्यले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय र मातहत निकायको वार्षिक स्वीकृत कार्यक्रम अनुसार सञ्चालन हुने कार्यक्रम पारदर्शी रुपमा सञ्चालन गर्न भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय प्रदेश नं. ५ ले सहकारी मार्फत युवा उद्यमशीलता तथा महिला सहकारी मार्फत सञ्चालित व्यवसायमा सहयोग कार्यक्रम सञ्चालन विधि, २०७६" स्वीकृत गरी लागू गरेको छ।

### परिच्छेद– १

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यक्रम सञ्चालन विधिको नाम "सहकारी मार्फत युवा उद्यमशीलता तथा महिला सहकारी मार्फत सञ्चालित व्यवसायमा सहयोग कार्यक्रम सञ्चालन विधि, २०७६" रहेको छ।

(२) यो कार्यक्रम सञ्चालन विधि तुरुन्त प्रारम्भ हुनेछ।

(३) यो कार्यक्रम सञ्चालन विधि प्रदेश नं. ५ भर लागू हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यक्रम सञ्चालन विधिमाः-

(क) "उद्यम" भन्नाले जीविकोपार्जन वा आयआर्जनको लागि गरिने स्वरोजगार, सिर्जनात्मक आर्थिक क्रियाकलाप, व्यवसाय वा उद्योगलाइ सम्झनु पर्छ।

(ख) "उद्यमी" भन्नाले आयआर्जन गर्ने उद्देश्यले उद्योग व्यवसाय सञ्चालनको लागि जोखिम बहन गरी लगानी गर्ने व्यक्ति वा समूहलाई सम्झनु पर्छ।

(ग) "बेरोजगार व्यक्ति" भन्नाले आयआर्जन हुने कुनै पनि पेशा व्यवसायमा नियमित रुपमा संलग्न नरहेको तथा कुनै काममा नियमित रुपमा संलग्न नभएको व्यक्ति सम्झनु पर्छ।

(घ) "मन्त्रालय" भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं. ५ लाई सम्झनु पर्छ।

(ङ) "महिला सहकारी" भन्नाले सहकारी ऐन अनुसार स्थापना भएका महिला मात्र सदस्य हुने सहकारी संस्था सम्झनु पर्छ।

(च) "युवा" भन्नाले १६-४० वर्ष सम्मको उमेर भएको नेपाली नागरिकलाई सम्झनु पर्छ।

(छ) "युवा उद्यमशीलता कार्यक्रम" भन्नाले १६ देखि ४० वर्ष उमेर समूहका प्रदेश नं. ५ भित्रका नेपाली युवाहरुलाई लक्षित गरी सहकारीमा आवद्ध युवाहरुको समूहका माध्यमबाट युवाहरुको सिप, क्षमता, दक्षताको विकास गरी सफल व्यवसायी बनाउने अभियानलाई सम्झनु पर्छ।

(ज) "सहकारी संस्था" भन्नाले प्रचलित सहकारी ऐन तथा नियमावली बमोजिम स्थापना भएका विषयगत वा बहुउद्देश्यीय सहकारी संस्था, विषयगत जिल्ला संघ, जिल्ला सहकारी संघ, प्रदेश विषयगत संघ वा प्रदेश सहकारी संघ समेतलाई जनाउनेछ।

३. <u>उद्देश्य</u> : यस कार्यक्रमका उद्देश्यहरु देहायबमोजिम रहेका छन्:-

(क) सहकारी मार्फत युवा जनशक्तिमा उद्यमशीलता विकास गर्ने,

(ख) महिला सहकारी मार्फत सञ्चालित व्यवसायमा सहयोग गर्ने,

(ग) कृषि तथा पशुपन्छीमा आधारित उद्यम व्यवसायमा महिला तथा युवाहरुलाई आकर्षित गर्ने,

(घ) पर्यटन प्रवर्द्धनमा आधारित उद्यमहरु सहकारी मार्फत सञ्चालन गर्ने,

(ङ) हस्तकला, चित्रकला, मूर्तिकलामा आधारित उद्यम क्षेत्रको विकास गर्ने,

(च) खाद्य प्रशोधनमा आधारित उद्यम व्यवसायमा युवा तथा महिलालाई सहकारी मार्फत सहयोग गरी प्रोत्साहन गर्ने।

## परिच्छेद– २

## लक्षित समूह तथा उद्यम क्षेत्र

४. **लक्षित समूह:** (१) सहकारी मार्फत युवा उद्यमशीलता कार्यक्रमको लागि सहकारीमा आवद्ध युवाहरु यस कार्यक्रमका लक्षित समूह हुनेछन।

(२) महिला सहकारी मार्फत सञ्चालित व्यवसायमा सहयोग कार्यक्रमका लागि महिला मार्फत सञ्चालित सहकारीका सदस्यहरु यस कार्यक्रमका लक्षित समूह हुनेछन।

५. **व्यावसायिक उद्यमका क्षेत्र:** (१) युवा तथा महिलाहरुले अनुसूची-१ अनुसारका उद्यम/व्यवसायहरु सञ्चालन गर्न प्रस्ताव पेश गर्न सक्नेछन।

(२) यस कार्यक्रम अन्तर्गत प्रस्तावकले पूर्वाधार विकासमा कुल लागतको ३० देखि ६० प्रतिशत, औजार उपकरण खरिदमा ३० देखि ६० प्रतिशत र चालु पूँजी (उत्पादन सामग्री) मा बढीमा २० प्रतिशत सम्म खर्च गर्न सक्नेछन्।

## परिच्छेद–३

## कार्यक्रम सञ्चालन विधि

६. **सूचना प्रकाशन तथा प्रस्ताव आव्हान:** सहकारी मार्फत युवा उद्यमशीलता तथा महिला सहकारी मार्फत सञ्चालित व्यवसायमा सहयोग कार्यक्रम सञ्चालन गर्न प्रदेश भित्रका राष्ट्रिय दैनिक पत्रिकामा अनुसूची-२ को ढाँचामा कम्तिमा ३० दिनको म्याद दिई सूचना प्रकाशित गरिनेछ।

७. **आवेदन:** कार्यक्रम सञ्चालनका लागि आवेदकले देहायका आधारमा आवेदन दिन सक्नेछन:-

(क) यस प्रदेश भित्रका सहकारीमा आवद्ध युवा तथा महिला सहकारीमा आवद्ध महिलाहरुले अनुसूची-४ बमोजिमको ढाँचामा व्यावसायिक योजना सहितको प्रस्ताव र अनुसूची-३ बमोजिमको ढाँचामा आवेदन पेश गर्न सक्नेछन।

(ख) आवेदनका साथ उद्यमीको आफ्नै घरजग्गा भएमा जग्गा धनी प्रमाण पुर्जा वा भाडामा लिने भए कम्तिमा ५ वर्षका लागि घरधनीसँग सम्झौता गरेको हुनु पर्नेछ।

(ग) एउटा सहकारीले बढीमा ५ जना सम्म सदस्यहरुलाई यस कार्यक्रममा सिफारिस गर्न सक्नेछ । सामूहिक उद्यम गर्न चाहने उद्यमीहरुलाई प्राथमिकता दिइनेछ । यस कार्यक्रममा भाग लिन चाहने उद्यमी सदस्यहरुले सहकारी मार्फत आवेदन गर्नु पर्नेछ । एउटा सहकारीबाट

बढीमा ५ जना सदस्यहरुले छुट्टाछुट्टै वा सामूहिक रुपमा आवेदन गर्न सक्नेछन। अनुदानको सीमा एकल प्रस्तावको हकमा बढिमा ३ लाखसम्म र सामूहिक प्रस्तावको हकमा १० लाखसम्म हुनेछ। तर एउटा सहकारीका सदस्यहरुलाई कुल १० लाख भन्दा बढी हुनेछैन।

(घ) सहकारी मार्फत युवा उद्यमशीलताका लागि कार्यक्रम सञ्चालन गर्न लाग्ने कुल लागतको ५० प्रतिशत रकम मन्त्रालयले र ५० प्रतिशत उद्यमी वा सहकारीले ब्यहोर्नु पर्नेछ।

(ङ) महिला सहकारी मार्फत सञ्चालित व्यावसायिकमा सहयोग कार्यक्रम सञ्चालन गर्न लाग्ने कुल लागतको ७५ प्रतिशत मन्त्रालय र २५ प्रतिशत उद्यमीले व्यहोर्नु पर्नेछ।

(च) आवेदक उद्यमीले आफू सदस्य रहेको सहकारीबाट सो संस्थाको सदस्य रहेको प्रमाण खुल्ने कागजात र सो सहकारी संस्थाको अनुसूची-५ बमोजिमको ढाँचाको सिफारिस-पत्र आवेदन साथ पेश गर्नु पर्नेछ।

(छ) आवेदक उद्यमीले अनुसूची-५ बमोजिमको सिफारिस साथ आफू सदस्य रहेको सहकारी संस्थाको कार्यक्षेत्र, कुल सदस्य संख्या, कारोबारको अवस्था स्पष्ट खुल्ने कागजातहरु तथा गत तीन आर्थिक वर्षको वार्षिक लेखापरीक्षण प्रतिवेदन पेश गर्नु पर्नेछ।

(ज) आवेदन साथ उद्यमीको व्यक्तिगत विवरण एवं अनुसूची-६ को ढाँचामा प्रतिवद्धता-पत्र पेश गर्नुपर्ने छ।

८. <u>उद्यमीको छनौटः</u> उद्यमीको छनौट देहायका आधारमा गरिनेछः-

(क) छनौट प्रक्रियामा सहभागी हुने उद्यमीले अनुसूची-१ वमोजिमका क्षेत्रहरुमा आधारित रहेर व्यावसायिक योजना पेश गर्नुपर्नेछ।

(ख) यस कार्यक्रम सञ्चालन विधि बमोजिम महिला सहकारी मार्फत सञ्चालित व्यवसायमा सहयोग कार्यक्रम सञ्चालन गर्न महिलाद्वारा सञ्चालित सहकारीका सदस्यले मात्र प्रस्ताव पेश गर्न सक्नेछन् तथा सहकारी मार्फत युवा उद्यमशीलता कार्यक्रमका लागि उत्पादक, उपभोक्ता, श्रमीक वा बहुउद्देश्यीय प्रकृतिका सहकारीमा आवद्ध युवाहरुले मात्र प्रस्ताव पेश गर्न सक्नेछन्।

(ग) प्रस्तावकबाट प्राप्त प्रस्तावहरु मूल्याङ्कन तथा सिफारिस समितिले आवेदन सहित पेश भएका कागजातका आधारमा प्रारम्भिक छनौट गर्नेछ।

(घ) प्रारम्भिक छनौटमा परेका प्रस्तावहरुको अनुसूची-७ बमोजिमको ढाँचामा स्थलगत अनुगमन गरी त्यसको आधारमा पुनःमूल्याङ्कन गरिनेछ। अनुगमनको क्रममा प्रस्तावमा पेश गरिएको विवरण झुठो ठहरिए वा क्रियाकलाप सञ्चालन स्थलहरु प्राविधिक दृष्टिकोणले अनुपयुक्त ठहरिएमा वा आवश्यक न्यूनतम योग्यता पुरा नगरेको देखिएमा सो प्रस्ताव स्वतः रद्द हुनेछ।

(ङ) प्राप्त आवेदनका आधारमा प्रत्येक जिल्लाबाट कम्तिमा एक एक उद्यमीको छनौट गरिनेछ। सबै जिल्लाबाट प्रस्ताव नआएको वा मूल्याङ्कन गर्दा छनौट हुन नसकेको अवस्थामा एउटै जिल्लाबाट दुई वा दुई भन्दा वढी प्रस्ताव आएको भए सम्भाव्यता तथा औचित्यताको आधारमा एकै जिल्लाबाट दुई वा दुई भन्दा बढी उद्यमीलाई छनौट गर्न सकिने छ।

(च) अनुसूची-८ बमोजिमको सूचकहरुको आधारमा मूल्याङ्कन तथा सिफारिस समितिले अन्तिम मूल्याङ्कन गर्नेछ।

(छ) मूल्याङ्कन तथा सिफारिस समितिले अङ्कभार सहितको अन्तिम मूल्याङ्कन सूची स्वीकृतिको लागि कार्यक्रम व्यवस्थापन समितिमा पेश गर्नु पर्नेछ।

(ज) कार्यक्रम व्यवस्थापन समितिले प्रस्तावकको व्यावसायिक योजना, संस्थाको लागत सक्षमता, कारोबारले समेट्ने क्षेत्र, भौगोलिक उपयुक्तताका साथै मूल्याङ्कन तथा सिफारिस समितिले दिएको अङ्कभार समेतको आधारमा स्वीकृत गर्नेछ।

(झ) समितिले आवश्यकता ठानेमा मूल्याङ्कन तथा सिफारिस समितिसँग थप छलफल गर्न सक्नेछ।

(ञ) छनौटमा परेका उद्यमीलाई आफूले पेश गरेको व्यावसायिक योजनाको प्रस्तुतिको लागि मूल्याङ्कन तथा सिफारिस समिति वा कार्यक्रम

व्यवस्थापन समितिले आवश्यक ठानेमा थप छलफलका लागि बोलाउन सक्नेछ।

९.**<u>अनुदान रकम भुक्तानी प्रक्रियाः</u>** अनुदानको भुक्तानी प्रक्रिया देहाय बमोजिम हुनेछः-

(क) अनुदानग्राही तथा मन्त्रालयबीच विस्तृत कार्ययोजनाका आधारमा अनुसूची-९ बमोजिम सम्झौता गरी कार्यक्रम सञ्चालन गरिनेछ।

(ख) स्वीकृत कार्ययोजना बमोजिम तोकिएको मापदण्ड अनुसार नियमानुसार दर्ता भएका फर्म/संस्थाबाट खरिद गरिएका सामग्रीहरु औजार, यन्त्र उपकरण, तथा पूर्वाधार विकासको अनुदान रकम उपलव्ध गराउँदा बिल भरपाई अनुसार खरिद गरेको सुनिश्चितताको आधारमा अनुदान रकम उपलव्ध गराईनेछ।

(ग) सम्झौतामा उल्लेख गरिएको अवधि भित्र कार्ययोजनामा समावेश भएका कार्य प्रगतिको आधारमा कुल लागतको कम्तिमा ५० प्रतिशत कार्यसम्पन्न भएपछि अनुदान रकमको ५० प्रतिशत पहिलो किस्ता भूक्तानी गरिनेछ। यस्तै गरी कार्यक्रमको ८० प्रतिशत र १०० प्रतिशत कार्यसम्पन्न भएपछि दोस्रो र तेस्रो किस्ता कार्यप्रगतिको अनुपातमा भुक्तानी दिईनेछ।

तर सबै कार्यसम्पन्न भएपछि एकमुष्ठ अनुदान उपलब्ध गराउन बाधा पर्ने छैन।

(घ) सम्झौतामा उल्लेख गरिएको अवधि भित्र कार्यसम्पन्न गरी सक्नु पर्नेछ। तर काबु बाहिरको परिस्थितिको कारण सम्झौता अवधि भित्र कार्यसम्पन्न गर्न नसक्ने भएमा आधार र कारण उल्लेख गरी म्याद समाप्त हुनु भन्दा सात दिन अगाडि म्याद थपको निवेदन दिनु पर्नेछ। म्याद थप सम्बन्धी अन्तिम निर्णय मन्त्रालयको हुनेछ।

(ङ) छनौटमा परेको उद्यमीले भुक्तानी माग गर्दा कामको प्रगतिको आधारमा आर्थिक तथा प्राविधिक प्रतिवेदन सहित फोटो, बिल, भर्पाई, आवश्यक सिफारिस लगायतका कागजात समेत पेश गर्नु पर्नेछ।

(च) अनुदान रकम प्राप्त गरी कार्यक्रम सञ्चालन पश्चात तीन वर्षसम्मको वार्षिक कारोबारको लेखा परीक्षण प्रतिवेदन आर्थिक वर्ष सम्पन्न भएको पौष मसान्तसम्ममा यस मन्त्रालयमा पेश गर्नु पर्नेछ।

(छ) अनुदान रकम जग्गा खरिद कार्यमा प्रयोग गर्न पाइने छैन।

(ज) मन्त्रालयले प्रदान गर्ने अनुदान रकम कार्यालय सञ्चालन तथा व्यवस्थापन लगायतका प्रशासनिक खर्चमा प्रयोग गर्न पाईने छैन।

## परिच्छेद-३

## समिति सम्बन्धी व्यवस्था

१०. **समितिहरुको गठनः** (१) यस कार्यक्रम सञ्चालनको लागि नीतिगत व्यवस्था तथा भैपरिआउने समस्या समाधान सम्बन्धमा आवश्यक निर्देशनका लागि देहाय बमोजिमको निर्देशक समिति गठन हुनेछः-

(क) मन्त्री, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय -अध्यक्ष

(ख) सचिव, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय -सदस्य

(ग) प्रमुख, प्रशासन तथा सहकारी विकास महाशाखा -सदस्य सचिव

(२) निर्देशक समितिले आवश्यकता अनुसार कुनै विशेषज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) यस कार्यक्रम सञ्चालनको लागि मूल्याङ्कन तथा सिफारिस समितिबाट मूल्याङ्कन भई प्राप्त प्रस्तावहरुको पुनरावलोकन गरी स्वीकृतिको लागि सिफारिस गर्न देहाय बमोजिमको कार्यक्रम व्यवस्थापन समिति गठन हुनेछः-

| | | | |
|---|---|---|---|
| (क) | सचिव | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | अध्यक्ष |
| (ख) | प्रमुख | योजना तथा अनुगमन महाशाखा | सदस्य |
| (ग) | प्रमुख | खाद्य सुरक्षा तथा कृषि व्यवसाय प्रवर्द्धन महाशाखा | सदस्य |
| (घ) | प्रमुख | पशुपन्छी विकास महाशाखा | सदस्य |
| (ङ) | प्रमुख | प्रशासन तथा सहकारी विकास महाशाखा | सदस्य सचिव |

(४) कार्यक्रम व्यवस्थापन समितिले आवश्यकता अनुसार कुनै विज्ञ, विशेषज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(५) कार्यक्रम व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछः-

(क) मूल्याङ्कन तथा सिफारिस समितिबाट मूल्याङ्कन भई पेश भएका प्रस्तावहरु उपर छलफल गरी औचित्यका आधारमा स्वीकृतिको लागि सिफारिस गर्ने,

(ख) प्रस्ताव मूल्याङ्कनका आधारहरुको विस्तृतीकरण गर्ने,

(ग) प्राप्त प्रस्तावहरु मध्ये कुनै वा सबै प्रस्तावहरु अस्पष्ट लागेको खण्डमा पुनः मूल्याङ्कन गर्नका लागि मूल्याङ्कन तथा सिफारिस समितिमा फिर्ता पठाउन सक्नेछ र आवश्यक्ता अनुसार स्थलगत प्रमाणीकरण कार्य समेत गराउन सक्नेछ।

(६) यस विधि बमोजिमको कार्यक्रम सञ्चालनको लागि कार्यक्रम प्रस्तावकर्ताबाट प्राप्त भएका प्रस्तावहरुको मूल्याङ्कन गरी छनौटको लागि कार्यक्रम व्यवस्थापन समिति समक्ष पेश गर्न देहाय बमोजिमको मूल्याङ्कन तथा सिफारिस समितिको गठन हुनेछ।

| | | | |
|---|---|---|---|
| (क) | प्रमुख | प्रशासन तथा सहकारी विकास महाशाखा | अध्यक्ष |
| (ख) | प्रमुख | अनुगमन तथा मूल्यङ्कन शाखा | सदस्य |
| (ग) | प्रमुख | कानून तथा फैसला कार्यान्वियन शाखा | सदस्य |
| (घ) | प्रमुख | आर्थिक प्रशासन शाखा | सदस्य |
| (ङ) | प्रमुख | सहकारी तथा गरिबी निवारण शाखा | सदस्य सचिव |

(७) कार्यक्रम मूल्याङ्कन तथा सिफारिस समितिले आवश्यकता अनुसार कुनै विज्ञ विशेषज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(८) कार्यक्रम मूल्याङ्कन तथा सिफारिस समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) सहकारी संस्थाहरुबाट प्राप्त भएका प्रस्तावहरुको मूल्याङ्कन तथा विश्लेषण गरी छनौट तथा स्वीकृतिको लागि कार्यक्रम व्यवस्थापन समिति समक्ष पेश गर्ने,

(ख) अनुसूची-१ बमोजिमको मापदण्डको आधारमा प्रारम्भिक छनौट गरी अनुसूची-६ को आधारमा अन्तिम मूल्याङ्कनको लागि कार्यक्रम व्यवस्थापन समिति समक्ष सिफारिस गर्ने,

(ग) मूल्याङ्कनको क्रममा आवश्यकता अनुसार स्थलगत निरीक्षण तथा अनुगमन गर्ने/गराउने।

(घ) कार्यक्रम कार्यान्वयनमा गइसकेपछि त्यसको कार्यप्रगतिको अनुगमन तथा निरीक्षण गर्ने/गराउने।

## परिच्छेद-४

## <u>अनुगमन र समन्वय</u>

११. <u>अनुगमन</u> : (१) अनुदान प्राप्त संस्थाले गर्ने कार्यक्रमको अनुगमन मन्त्रालय, निर्देशनालय, सहकारी प्रशिक्षालय, प्रदेश सरकारका सरोकारवाला कार्यालयले संयुक्त वा छुट्टा छुट्टै गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम भएको अनुगमन र निर्देशनको लिखित अभिलेख र प्रतिवेदन कार्यालयले सुरक्षित राख्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम दिएको निर्देशनको पालना गर्नु अनुदानग्राहीको कर्तव्य रहनेछ।

१२. <u>समन्वय:</u> मन्त्रालयले कार्यक्रमलाई व्यवस्थीत रुपले सञ्चालन गर्न सरोकारवाल नेपाल सरकारका निकाय, प्रदेश सरकारका निकाय र सम्बन्धित स्थानीय तहबीच समन्वय गर्नेछ।

## परिच्छेद-५

## <u>विविध</u>

१३. <u>सार्वजनिक परीक्षण</u> : यस कार्यक्रम सञ्चालन विधि बमोजिम कार्यक्रम सम्पन्न भएपछि अनुदानग्राहीले स्थानीय तहका प्रतिनिधिहरु, सरोकारवाला निकाय, सहकारीका सदस्यहरु तथा कार्यक्रमबाट प्रभावित जनसमुदायलाई कार्यक्रम सञ्चालन भएको स्थानमा भेला गराई कार्यक्रमको आम्दानी तथा खर्च, निर्मित संरचना र खरिद गरिएको वस्तुको सार्वजनिकीकरण गर्नु पर्नेछ।

१४. **<u>कारवाहीको व्यवस्थाः</u>** अनुदानग्राहीले कार्यक्रम सञ्चालन गर्दा मन्त्रालय र अन्तर्गतका निकायहरुले दिएका निर्देशन एवम् प्रचलित ऐन, नियम तथा नीतिहरुको पालना गर्नु पर्नेछ। सम्झौता बमोजिमको कार्य नभएको खण्डमा प्रचलित कानूनानुसार कारवाही हुनेछ।

१५. **<u>संशोधन तथा अनुसूचीमा हेरफेर</u>:** कार्यक्रम कार्यान्वयनमा सरलीकरण गर्न मन्त्रालयले आवश्यक ठानेमा कार्यक्रम सञ्चालन विधिको संशोधन तथा अनुसूचीमा हेरफेर गर्न सक्नेछ।

१६. **प्रचार प्रसारः** मन्त्रालय तथा मातहतका निकायले कार्यक्रम सम्वन्धी जानकारी दिन सूचना तथा सञ्चार प्रविधिका साधन, श्रव्य दृश्य सामग्री तथा सामाजिक सञ्जालको प्रयोग गरी प्रचार प्रसार गर्नुको साथै परियोजना कार्यान्वयनको लागि आवश्यक प्राविधिक सेवा उपलब्ध गराउने छन्।

१७. <u>बाधा अड्चन फुकाउ</u> : यस कार्यक्रम सञ्चालन विधिको कार्यान्वयनमा केही द्विविधा भएमा मन्त्रालयको व्याख्या अन्तिम हुनेछ।

## अनुसूची-१

(दफा ५ को उपदफा (१) सँग सम्बन्धित)

<u>व्यावसायिक उद्यमका क्षेत्र</u>

१. कृषिमा आधारित उद्यम व्यवसाय: तरकारी खेति, फलफुल खेति, अन्न उत्पादन, माछापालन, हाँस, कुखुरा, बट्टाई, खरायो, बाख्रा, गाई, भैसि, भेंडा, च्याङ्ग्रा, चौरी, अकवरे खुर्सानी, अम्रिसो, अलैंची, अदुवा, लसुन, खुर्सानी, दुग्धजन्य उत्पादन, रेसम खेती, किवि खेती, विउ विजन उत्पादन तथा प्रसोधन तथा कृषिमा आधारित नवीनतम कार्यक्रम।

२. वन एवं जडीवुटी, गैह्र काष्ठ वनजन्य उत्पादनमा आधारित उद्यम व्यवसाय: काठका सजावट सामग्री, औषधिका लागि कच्चा सामग्रि उत्पादन, चिराईतो खेती।

३. विज्ञान तथा सूचना तथा सञ्चार प्रविधिमा आधारित नवीनतम उद्यम व्यवसाय।

४. पर्यटन प्रवर्द्धन (होटेल, होमस्टे, रिसोर्ट) मा आधारित उद्यम व्यवसाय: कृषि पर्यटन, पशुपन्छी तथा मत्स्य पर्यटन प्रवर्द्धन।

५. खाद्य प्रसोधनमा आधारित उद्यम व्यवसाय : अचारहरु, गुन्द्रुक, मस्यौरा, सुकुटी (मासु जन्य र कृषिजन्य), सिस्नो, चिया (तुलसी, ग्रिन टी आदि), दालमोठ, चिप्स, जुस आदि।

नोट : मन्त्रलायले अन्य उद्यम/व्यवसायहरु थप गर्न सक्नेछ।

अनुसूची-२
(दफा ६ सँग सम्बन्धित)
प्रदेश सरकार
प्रदेश नं. ५
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
बुटवल, नेपाल

**प्रस्ताव आव्हानको सूचना** (प्रथम पटक सूचना प्रकाशित मिति :................)

मन्त्रालयको आर्थिक वर्ष २०७६/०७७ को वार्षिक स्विकृत कार्यक्रम अनुसार प्रदेश भित्रका जिल्लाहरुमा सञ्चालन हुने तपसिलमा उल्लेखित कार्यक्रम कार्यान्वयनमा सहभागि हुन इच्छुक सहकारीमा आवद्ध व्यक्ति/समूह बाट प्रस्ताव माग गर्न यो सूचना प्रकाशन गरिएको छ।सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र तोकिए वमोजिमका आवश्यक कागजातहरु संलग्न गरी सिलवन्दी प्रस्ताव पेश गर्नु हुन सूचित गरिन्छ।साथै रीत नपुगी दर्ता भएका प्रस्तावहरु छनौटको प्रक्रियामा समावेश गरिने छैन।

**तपसिल :**

| सि. नं. | कार्यक्रमको नामc | संख्या | अनुदानको किसिम |
|---|---|---|---|
| १ | सहकारी मार्फत युवा उद्यमशीलता सहयोग कार्यक्रम | प्रति सहकारी १ देखि ५ जना | मन्त्रालको तर्फबाट कुल लागतको ५० प्रतिशतमा नबढ्ने गरी प्रति सदस्य बढीमा ३ लाखका दरले प्रति सहकारी बढिमा १० लाख । |
| २ | महिला सहकारी मार्फत सञ्चालित व्यवसायमा सहयोग कार्यक्रम | प्रति सहकारी १ देखि ५ जना | मन्त्रालको तर्फबाट कुल लागतको ७५ प्रतिशतमा नबढ्ने गरी प्रति सदस्य बढीमा ३ लाखका दरले प्रति सहकारी बढिमा १० लाख । |

**प्रस्तावसाथ संलग्न गर्नुपर्ने आवस्यक कागजातहरु :** मन्त्रालयबाट जारी भएको सहकारी मार्फत युवा उद्यमशीलता तथा महिला सहकारी मार्फत सञ्चालित व्यवसायमा सहयोग कार्यक्रम सञ्चालन विधि, २०७६ को अनुसूची-३ अनुसारको निवेदन सहितका कागजातहरु समावेश गर्नु पर्नेछ ।

**प्रस्ताव पेश गर्ने स्थानहरु :** भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय बुटवल, कृषि ज्ञान केन्द्रहरु गुल्मी, पाल्पा, अर्घाखाँची, नवलपरासी, कपिलवस्तु, दाङ, रोल्पा, बाँके र पशुसेवा विज्ञ केन्द्र रुपन्देही।

**नोट:** माथी उल्लेखित कार्यक्रमको सञ्चालन विधि मन्त्रालयको Website: molmac.p5.gov.np बाट डाउनलोड गरी हेर्न सकिने छ साथै थप जानकारीको लागि मन्त्रालय तथा आवेदन पेश गर्ने कार्यालयमा सम्पर्क गर्न सकिने छ।

## अनुसुची-३

(दफा ७ को खण्ड (क) सँग सम्बन्धित)

**<u>आवेदन पत्रको ढाँचा</u>**

श्रीमान् सचिव ज्यू,

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

प्रदेश नं ५, बुटवल।

विषयः सहकारी मार्फत युवा उद्यमशीलता/महिला सहकारी मार्फत सञ्चालित व्यवसायमा सहयोग कार्यक्रम सम्बन्धमा।

महोदय,

हाम्रो ........................................................ सहकारी संस्थाबाट ...................... जिल्ला, ............................म.न.प./उप.म.न.पा./न.पा./गा.पा.,........वडा नं. अन्तर्गत ................ ............ स्थानमा ............................ जना युवा/महिला उद्यमीहरुको समूहले ................ व्यवसाय सञ्चालन गर्ने लक्ष्य रहेकोले सो का लागि अनुमानित लागत रकम रु................मध्ये रु ..................... उद्यमी समूहका तर्फबाट व्यहोरी बाँकी रकम रु..................अनुदान पाउने व्यवस्थाका लागि तपसिल बमोजिमका कागजातहरु संलग्न राखी यो आवेदन पेश गरेका छौं।

<u>तपसिल</u>ः

(१) सहकारी संस्था दर्ताको प्रमाण-पत्रको प्रतिलिपि

(२) सहकारी संस्थाको स्थायी लेखा नं. प्रमाणपत्रको प्रतिलिपि

(३) सहकारी संस्थाको पछिल्लो तीन आ.व.को लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपि

(४) सहकारी संस्थाको करचुक्ता प्रमाण-पत्रको प्रतिलिपि

(५) उद्यमीको वैयक्तिक विवरण

(६) उद्यमीको प्रतिवद्धता-पत्र

(७) सहकारीको सञ्चालक समितिको निर्णयको प्रतिलिपि

(८) उद्यमीले गर्ने कार्यक्रमको व्यावसायिक कार्ययोजना

(९) निवेदन तथा प्रस्तावना

(१०) कार्यक्रम सञ्चालनका लागि जग्गाको विवरण खुल्ने कागजात

(११) कार्यक्रम सञ्चालन हुने स्थानको लागि सम्बन्धीत स्थानीय तहको सिफारिस-पत्र

(१२) उद्यम व्यवसाय सञ्चालन गर्ने प्रतावकको नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि र सम्पर्क नम्बर

(१३) प्रस्तावक समूहमा आएमा सबैको नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि

(१४) आफू आबद्ध संस्थाको सिफारिस : एउटा सहकारी संस्थाले १ देखि ५ जना सम्म उद्यमीको लागि मात्र सिफारिस गर्नु पर्नेछ।(नोटः सामूहिक रुपमा लगानी गर्न चाहने आवेदकको हकमा सबै आवेदकहरुको नाम, ठेगाना र सम्पर्क नम्बर राख्नु पर्नेछ।)

(१५) कार्यक्रममा सहभागि हुने सदस्यको नाम थर ठेगाना र सम्पर्क नम्बर :

| सि. न. | सदस्यको नाम थर | ठेगाना | सम्पर्क नम्बर | प्रस्ताव गरेको ब्यवसाय | प्रस्तावित लगानी रकम | अनुदानको माग रकम |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | कुल जम्मा | | | | | |

## अनुसूची-४

(दफा ७ को खण्ड (क) सँग सम्बन्धित)

## व्यावसायिक योजनाको ढाँचा

१.परिचयात्मक विवरणः

| | |
|---|---|
| सहकारी संस्थाको नामः | |
| ठेगानाः | |
| संस्थाको अध्यक्षको नामः | |
| अध्यक्षको फोन नं. | |
| आवेदक व्यक्ति/समूहको नामः | |
| आवेदकको फोन नं. | |
| संस्था दर्ता नं.र मितिः | |
| संस्था दर्ता भएको कार्यालयको नामः | |

२.सहकारी संघ/संस्थाको किसिम : क) उत्पादनमुलक ख) उपभोक्ता ग) श्रमीक

घ) हुउद्देश्यीय ङ) अन्य भए उल्लेख गर्ने (................)

३ सहकारी संघ/सस्थाको शेयर सदस्य सङख्या..........................

४.प्रस्तावित कार्यक्रम वा योजनाको नाम :-

५. योजना सञ्चालनको लागि जग्गाको विवरण: ............................रोपनी तथा कठ्ठा क्षेत्रफल

६. जग्गा भाडामा लिएको भएः ...............................वर्षको सम्झौता भएको

७. आयोजना सञ्चालानको उद्देश्य........................................................................

८. उद्यम/व्यवसाय सञ्चालनको मुख्य मुख्य क्रियाकलापहरु :-

| सि.नं. | क्रियाकलाप | ईकाई | परिमाण | दर | कुल लागत | अनुदान माग | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | पूर्वाधार विकास | | | | | | लम्बाई, चौडाई, मोटाई लगायतका लागत अनुमान सम्बन्धी विस्तृत विवरण समेत संलग्न गर्नु पर्नेछ। |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १.१ | | | | | | | |
| १.२ | | | | | | | |
| | | | | | | | |
| २ | औजार उपकरण | | | | | | सामानको स्पेसिफिकेसन र कोटेसन समेत संलग्न राखु पर्ने। |
| २.१ | | | | | | | |
| २.२ | | | | | | | |
| | | | | | | | |
| ३ | उत्पादन सामग्रीहरु | | | | | | मल बीउ स-साना औजार वा ज्यावलहरु |
| ३.१ | | | | | | | |
| | | | | | | | |

९. अनुदानग्राहीको लगानीको श्रोत व्यवस्थापन गर्ने आधार:-

- सहकारी/वित्तीय संस्थाबाट प्राप्त हुने ऋण ........................
- सहकारीबाट हुने अनुदान ...........................
- स्व-लगानी ..........................

१०. आयोजनाले पार्ने सकरात्मक प्रभावः

- आय आर्जन ........................ प्रति वर्ष
- रोजगारी सिर्जना ..................... जना
- पारिवारिक खाद्य/पोषण सुरक्षा ......................

११. आयोजना सञ्चालन पश्चात लाभान्वित हुने अनुमानित जनसङ्ख्या प्रत्यक्ष...... अप्रत्यक्ष ......

१२. आवेदक सघ/संस्थाको पुँजीको विवरणः

| शेयर पुंजी | जगेडा कोष | | अन्य कोष |
|---|---|---|---|
| | | | |
| | | | |

१३. आयोजना स्थलमा सडक सुविधा छ वा छैन………… छ भने सडकको किसिम…………………………………………

१४.आयोजना सञ्चालन स्थलमा विद्युतको व्यवस्था छ वा छैन …………………………

१५. आयोजना सञ्चालन गर्न सक्ने आवश्यक जनशक्ति छ ☐ वा ☐

यदि छ भने अनुभव वर्ष………………

यदि छैन भने कसरी व्यवस्थापन गर्नु हुन्छ……………………

१६.प्रस्तावित कार्यक्रम संचालन गर्ने स्थानको वातावरणीय अवस्था

| क.सं. | विवरण | पर्छ | पर्दैन | कैफियत |
|---|---|---|---|---|
| १ | वन,जङ्गल/वन्यजन्तु/अन्य प्राकृतिक श्रोतहरु | | | |
| २ | जलाशय (नदी,तलाउ,पोखरी) | | | |
| ३ | राष्ट्रिय निकुञ्ज/संरक्षित क्षेत्र | | | |
| ४ | पानीको मुहान | | | |
| ५ | पुरातात्विक क्षेत्र/धार्मिक क्षेत्र/मन्दिर | | | |
| ६ | वतावरणीय प्रभाव | | | पर्छ भने, प्रतिकार्य योजना खुलाउने । |

१७. आयोजना सञ्चालनका जोखिमहरु के छन्? यदी भए समाधानका उपायहरु के के हुन सक्छन् ?

- 
- 
- 

१८. कार्यक्रम सम्बन्धी संक्षिप्त विवरण

१८.१ आवश्यकता र औचित्य

१८.२ आयोजना सञ्चालन हुने स्थान

१८.३ आयोजनाबाट उत्पादन हुने वस्तुको सूची

१८.४ आयोजनाका लागि चाहिने वस्तुको उत्पादित क्षेत्र/स्थान/उत्पादक

१८.५ आयोजनाले समेट्ने क्षेत्र र लाभान्वित जनसंख्या र रोजगारी सम्बन्धी बिवरण

१८.६ संरचनाको अवस्था र नक्सा सहित

१८.७ आयोजना सञ्चालनमा लाग्ने अनुमानित खर्च

क. चालु खर्च

ख.पूर्वाधार विकास खर्च

ग. यन्त्र उपकरण खरिद

१८.८ बजारीकरण योजना

(क) बजारको विकास र बजारीकरणको रणनीति

(ख) लक्षित बजार र ग्राहक

(ग) बजारका मुख्य विशेषताहरु

(घ) बजारमा उपलब्ध अवसरहरु

(ङ) बजार विकासका चुनौतीहरु

१८.९ लाभ लागत सम्बन्धी विवरण: कति वर्षमा नाफामा जाने हो

१९. परियोजना स्थलको समाजिक आर्थिक नक्सा (बाटो/विजुली/बजार/वन जङ्गल/नदी/खोल्सा/ आदी देखिने)

## अनुसूची-५

(दफा ७ को खण्ड (च) सँग सम्बन्धित)

### सहकारी संस्थाले दिने सिफारिस पत्रको ढाँचा

श्री भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय,
प्रदेश नं. ५ बुटवल।

विषय : सिफारिस सम्बन्धमा।

प्रस्तुत विषयमा यस सहकारीका सदस्य ...................... जिल्ला ............................. गा.पा./न.पा./उ.म.न.पा. ....... वडा नं. .................. टोल निवासी श्री ........................... ...........लाई ................................................ परियोजना सञ्चालन गर्न कुल रकम रु. ...................... मध्ये निजको रु. ......................... स्वलगानी र यस सहकारीबाट रु. ........................ बराबरको अनुदान/ऋण रकम उपलब्ध गराउने प्रतिवद्धता जनाउँदै उक्त परियोजना सञ्चालनको लागि तहाँ मन्त्रालयबाट नियमानुसारको रु ...................... अनुदान उपलब्ध गराइदिनु हुन तपसिल अनुसारको संस्थाको विवरण सहित सिफारिस गरिएको ब्यहोरा अनुरोध छ।

तपसिल

१. संस्थाको कुल सदस्य :
२. कुल शेयर रकम :
३. जगेडा कोष :
४. सहकारी विकास कोष :
५. घाटापूर्ति कोष :
६. जोखिम व्यवस्थापन कोष :
७. पुँजीगत सम्पत्ति (भवन तथा अन्य) :

सिफारिस गर्ने

दस्तखतः
नाम, थरः
पदः
मितिः

# अनुसूची-६

(दफा ७ को खण्ड (ज) सँग सम्बन्धित)

## प्रतिवद्धता-पत्र

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको को मिति ............................... मा प्रकाशित सूचना अनुसार सहकारी मार्फत युवा उद्यमशीलता तथा महिला सहकारी मार्फत सञ्चालित व्यवसायमा सहयोग  कार्यक्रमका लागि अनुदानको ब्यवस्था गरिए अनुसार उक्त अनुदान प्राप्त गर्न इच्छुक भई सो कार्यक्रममा सहभागिताका लागि कार्य योजना सहितको आवेदन पेश गरेका छौं। उक्त कार्यक्रममा छनौट भएमा कार्य योजनामा उल्लेख भए बमोजिम कार्य गर्ने गरी घटिमा ५ वर्षसम्म निरन्तरता दिनेछौ।कार्ययोजना अनुसारको कार्य नगरेमा वा तोकिएको अवधि भन्दा अगावै सो कार्य बन्द गरेमा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलाई अनुदान रकम फिर्ता गर्नेछौं। अन्यथा प्रचलित ऐन कानुन बमोजिम सहुँला/बुझाउँला। साथै प्रस्तावित कार्यहरुका लागि हाम्रो ....................... सहकारी संस्थाबाट रु .................. ऋण लगानी/अनुदान प्राप्त हुने/ म/हामी आफैले स्वलगानी गर्ने ब्यहोरा समेत अनुरोध गर्दछु/गर्दछौ।

उद्यमीको नामः

ठेगानाः

दस्तखतः

सम्पर्क नम्बरः

मितिः

सहकारीको छापः

इति सम्वत् २०.............गते ....................रोज ................शुभम्।

(नोटः सामूहिक रुपमा सञ्चालन गर्ने परियोजनाको हकमा सबै सदस्यहरुको नाम, ठेगाना, सम्पर्क नम्बर र दस्तखत भएको हुनु पर्नेछ।)

## अनुसूची-७

(दफा ८ को खण्ड (घ) सँग सम्बन्धित)

**स्थलगत प्रमाणीकरण फारामको ढाँचा**

१.परिचयात्मक विवरणः

| | |
|---|---|
| आवेदक सघ संस्थाको नामः | |
| ठेगानाः | |
| संस्थाको अध्यक्षको नामः | |
| अध्यक्षको फोन नं. | |
| सम्पर्क व्यक्तिको नामः | |
| सम्पर्क व्यक्तिको फोन नं. | |
| संस्था दर्ता नं. र मितिः | |
| संस्था दर्ता भएको कार्यालयको नामः | |

२.सहकारी संघ/संस्थाको किसम : क) उत्पादनमुलक ख) उपभोक्ता ग) श्रमीक

घ) हुउद्देश्यीय ङ) अन्य भए उल्लेख गर्ने (...........)

३ सहकारी संस्थाको शेयर सदस्य सङख्या..........................

४.प्रस्तावित कार्यक्रमको नाम :-

५. योजना सञ्चालनको लागि जग्गाको विवरण: .............................रोपनी तथा कठ्ठा क्षेत्रफल

६. जग्गा भाडामा लिएको भए: ...............................वर्षको सम्झौता भएको

७. आयोजना सञ्चालानको उद्धेश्य...........................................................................

८. अनुदानग्राहीको लगानीको श्रोत व्यवस्थापन गर्ने आधार:-

.........................................................................................................................................

९. आयोजनाले पार्ने सकरात्मक प्रभावः रोजगारी आयआर्जन खुलाउने ....................

१०. आयोजना सञ्चालन पश्चात लाभान्वित हुने अनुमानित जनसङ्ख्या

प्रत्यक्ष...... जना अप्रत्यक्ष ...

जना

११. आवेदक सघ/संस्थाको चल अचल पुँजीको विवरणः

| शेयर पुंजी | जगेडा कोष | अन्य कोष |
|---|---|---|
| | | |
| | | |

१२. सडक सुविधा छ वा छैन् ............ छ भने सडकको किसिम...............................................

१३.आयोजना सञ्चालन स्थलमा विद्युतको व्यवस्था छ वा छैन ..............................

१४. आयोजना सञ्चालन गर्न सक्ने आवश्यक जनशक्ति छ वा

यदि छ भने अनुभव वर्ष.................

यदि छैन भने कसरी व्यवस्थापन गर्नु हुन्छ.......................

१५.प्रस्तावित कार्यक्रम संचालन गर्ने स्थानको वातावरणीय अवस्था

| क.सं. | विवरण | पर्छ | पर्दैन | कैफियत |
|---|---|---|---|---|
| १ | वन,जङ्गल/वन्यजन्तु/अन्य प्राकृतिक श्रोतहरु | | | |
| २ | जलासय(नदी,तलाउ,पोखरी) | | | |
| ३ | राष्ट्रिय निकुञ्ज/संरक्षित क्षेत्र | | | |
| ४ | पानीको मुहान | | | |
| ५ | पुरातात्विक क्षेत्र/धार्मिक क्षेत्र/मन्दिर | | | |
| ६ | वातावरणीय प्रभाव मूल्याङ्कन | | | |

१६. आयोजना सञ्चालनका जोखिमहरु के छन्?

-
-
-

१७. कार्यक्रमलाई सहज बनाउन आवश्यक सुझाव ?

१८. प्रताव पेश गर्दा भरिएको विवरणहरुको सम्बन्धमा

(क) दुरुस्त पाईएको

(ख) सामान्य फरक देखिएको

(ग) फारममा पेश गरेको विवरणहरु धेरै फरक परेको (तथ्यमा आधारित नभएको): यस्तो अवस्थामा स्थलगत मूल्याङ्कन टोलीले के के बिषयहरुमा कमि कमजोरी पाईएको हो सो कुरा खुलाउनुपर्नेछ र यस्तो प्रस्ताव मूल्याङ्कनमा समाबेश हुने छैन।

१९. सिफारिस

उक्त कार्यक्रम प्रस्तावको स्तरको बारेमा निश्कर्ष:

| सि. नं. | गुणस्तर | कारण* |
|---|---|---|
| १ | अति उत्तम | |
| २ | उत्तम | |
| ३ | मध्यम | |
| ४ | सामान्य | |
| ५ | अनुदान प्रयोजनको लागि अयोग्य | |

*कार्यक्रमसँग सम्बन्धित कुनै कागजात, स्थानीय समुदायसँग भएको वार्तालापको विवरण, कार्यक्रमसँग सम्बन्धित फोटो, भिडियो क्लिप आदि समेत समावेश गर्न सकिनेछ।

-
-
-
-

स्थलगत प्रमाणीकरण गर्नेको विवरण

| | |
|---|---|
| नाम थरः | नाम थरः |
| पदः | पदः |
| दस्तखतः | दस्तखतः |
| मितिः | मितिः |

**अनुसूची-८**

(दफा ८ को खण्ड (च) सँग सम्बन्धित)

**<u>मूल्याङ्कनको आधारहरु</u>**

| क्र.सं. | मूल्याङ्कनको आधार सूचक | पूर्णाङ्क | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| १ | प्रस्तावित कार्यक्रमको व्यावसायिक योजना | २० | | |
| २ | स्थानीय स्रोत साधनमा आधारीत उद्यम | १० | | |
| ३ | संस्थाको आर्थिक लगानीको सुनिश्चितता | २० | | |
| ४ | थप रोजगारी सिर्जना | १० | | |
| ५ | बजारको सुनिश्चितता | १० | | |
| ६ | मानवीय स्रोतको अवस्था | १० | | |
| ७ | भौतिक पूर्वाधार (सडक, सिँचाई, विद्युत, आदि) | १० | | |
| ८ | भौगोलिक दृष्टिकोणले उपयुक्तता | १० | | |
| | जम्मा | १०० | | |

## अनुसूची-९

(दफा ९ को खण्ड (क) सँग सम्बन्धित)

**सम्झौता-पत्रको ढाँचा**

श्री भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयल मार्फत सञ्चालन गरिने आ.व. ...................... को स्वीकृत सहकारी मार्फत युवा उद्यमशीलता/महिला सहकारी मार्फत सञ्चालित व्यवसायमा सहयोग कार्यक्रम सञ्चालन गर्न ............................................................... (यस पछि पहिलो पक्ष भनिने) र विशिष्टताका आधारमा छनौट भएका सहकारी संस्था ............................................................................ (यस पछि दोस्रो पक्ष भनिने) बीच तपसिलका सर्तमानहरु गरी कार्यक्रम सम्पन्न गर्न सम्झौता र सहमति भएको छ।

१. यो सम्झौता पत्र ....................................(प्रथम पक्ष) र .................................... (दोस्रो पक्ष) बीच सहकारी मार्फत युवा उद्यमशीलता तथा महिला सहकारी मार्फत सञ्चालित व्यवसायमा सहयोग कार्यक्रमको लागि लागत साझेदारीका लागि प्रयोग हुनेछ।

२. सम्झौता भएको मितिदेखि यो सम्झौता प्रारम्भ भएको मानिनेछ।

३. दोस्रो पक्षले सम्झौतामा उल्लेख भए बमोजिमका कार्यहरु सम्झौता भएको मितिले १५ दिन भित्र शुरु गर्नु पर्नेछ।

४. सहकारी मार्फत युवा उद्यमशीलता/महिला सहकारी मार्फत सञ्चालित व्यवसायमा सहयोग कार्यक्रम सञ्चालनका लागि प्रथम पक्षले दोस्रो पक्षलाई कार्यक्रमको लागि ५० % कार्य सम्पन्न भए पछि पहिलो, ८० % कार्यसम्पन्न भए पछि दोस्रो र १०० % कार्यसम्पन्न भएपछि अन्तिम किस्ता अनुदान रकम एकाउन्ट पेयी चेक मार्फत भुक्तानी गराउनेछ।

५. स्वीकृत अनुदान रकम भुक्तानी दिंदा मूल्याङ्कन तथा सिफारिस समितिको सिफारिसको आधारमा गरिनेछ। दोस्रो पक्षले कार्यक्रम सञ्चालन गर्दा मूल्याङ्कन तथा सिफारिस समितिको निर्देशन अनुसार कार्य गर्नुपर्नेछ।

६. सम्झौता बमोजिम रकम भुक्तानी गर्ने सम्बन्धमा मूल्याङ्कनका लागि लागत अनुसारको विल सहित कार्यसम्पन्न प्रतिवेदन तयार गरी दोस्रो पक्षले प्रथम पक्षसँग अनुरोध गर्नु पर्नेछ र प्रथम पक्षले सम्पूर्ण प्रतिवेदन तथा विलहरु प्राप्त भएको ७ दिन भित्र भुक्तानीको आवश्यक व्यवस्था मिलाउनेछ।

७. सम्झौता रकम जम्माः-

प्रथम पक्षले ब्यहोर्नेः-

दोस्रो पक्षले ब्यहोर्नेः-

८. दोस्रो पक्षले अनुदान रकम देहाय अनुसारको बिषयमा मात्र खर्च गर्नु पर्नेछ। अन्यथा प्रथम पक्षबाट भुक्तानी हुने छैन।

| सि.न. | क्रियाकलाप | ईकाइ | परिणाम | दर | जम्मा | अनुदान रकम | कार्यक्रम सम्पन्न गर्ने अवधि | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १. पूर्वधार | | | | | | | | |
| १.१ | | | | | | | | |
| १.२ | | | | | | | | |
| | | | | | | | | |
| २. औजार/उपकरण | | | | | | | | |
| २.१ | | | | | | | | |
| २.२ | | | | | | | | |
| | | | | | | | | |
| ३. सञ्चालन खर्च | | | | | | | | |
| ३.१ | | | | | | | | |
| ३.२ | | | | | | | | |
| | | | | | | | | |

९. मन्त्रालयले उपलब्ध गराउने अनुदान रकम कार्यक्रम सञ्चालन विधिको दफा ८ बमोजिमको काममा मात्र खर्च गर्न सकिनेछ र तोकिएको समयावधि भित्र सम्पन्न गरी भुक्तानी समेत माग गर्नु पर्नेछ अन्यथा भुक्तानी नभई हानी नोक्सानी पर्न गएमा मन्त्रालय जवाफदेही हुनेछैन।

१०. सहकारी मार्फत युवा उद्यमशीलता/महिला सहकारी मार्फत सञ्चालित व्यवसायमा सहयोग कार्यक्रम सुरु भए पश्चात उक्त कार्यक्रमको स्याहार सम्भारको जिम्मेवारी दोस्रो पक्षले लिनु पर्नेछ।

११. यस सम्झौता बमोजिम अनुदान प्राप्त गरी कार्यक्रम सञ्चालन गर्ने सिलसिलामा कुनै दुर्घटना वा भवितव्य हुन गई जनधनको क्षति भएको खण्डमा सो घटनाको जिम्मेवारी दोस्रो पक्षले लिनु पर्नेछ।

१२. सम्झौता मुताविकका कार्य नभएमा वा उपलब्ध श्रोतको दुरुपयोग भएको पाइएमा प्रथम पक्षले जुनसुकै समयमा एकतर्फि रुपमा सम्झौता भङ्ग गरी दोस्रो पक्षबाट दुरुपयोग भए बराबरको रकम सरकारी बाँकी सरह असुल उपर गर्न सक्नेछ।

१३. प्रथम पक्षका तर्फबाट कुनै पनि समयमा हुने कार्यक्रमको निरीक्षण र अनुगमन कार्यमा सहयोग गर्नु दोस्रो पक्षको दायित्व हुनेछ

| | |
|---|---|
| .......................... | ............................ |
| प्रथम पक्षका तर्फबाट | दोस्रो पक्षका तर्फबाट |
| नामः | नामः |
| पदः | पदः |
| साक्षीहरु | |
| नामः | नामः |
| पदः | पदः |

मितिः २०........... साल .......... महिना............. गते